# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड४ )जनकपुरधाम,नेपाल, पुष २८ गते,२०७७ साल(अतिरिक्ताङ्क ७(ख)

भाग २

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## प्रदेश स्तरीय दिवश, समारोह कार्यक्रम संचालन कार्यविधि, २०७७

प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. दुईको प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "प्रदेश स्तरीय दिवश, समारोह कार्यक्रम संचालन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले दिवश, समारोह, जयन्ती समेतलाई सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र प्रदेश मन्त्रालयहरुलाई सम्झनु पर्छ।

(ग) "निकाय" भन्नाले प्रदेश सरकार मातहतका आयोग, निर्देशनालय, तालिम केन्द्र, प्रतिष्ठान, प्राधिकरण तथा कार्यालय समेतलाई सम्झनु पर्छ।

३. **दिवसिय कार्यक्रम सञ्चालन गर्ने**: (१) प्रदेश सरकार वा निकायले प्रचलित कानून बमोजिम मनाउनु पर्ने दिवश, समारोह, जयन्ती समेत मनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको दिवश, समारोह, जयन्ती मनाउँदा अनुसूची -१ मा तोकिए बमोजिमको रकम खर्च गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम को रकम सम्बन्धित मन्त्रालय वा निकायको वार्षिक बजेट तथा कार्यक्रममा तोकिएको सिमाभन्दा बढी हुनु पर्ने छैन ।

(४) यस दफा बमोजिम अख्तियारी प्राप्त कार्यालयले कार्यक्रम/योजना संचालन गर्नेछ ।

४. <u>व्यवस्थापन समिति</u> : (१) दफा ३ बमोजिमको दिवश, समारोह, जयन्ती मनाउनको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति रहनेछः-

(क) मन्त्री, सम्बन्धित मन्त्रालय -संयोजक
(ख) राज्यमन्त्री, सम्बन्धित मन्त्रालय -सदस्य
(ग) सचिव,आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य
(घ) सचिव, सम्बन्धित मन्त्रालय -सदस्य
(ङ) महाशाखा प्रमुख, सम्बन्धित मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको बैठकको आव्हान संयोजकले गर्नेछ ।

(३) बैठकमा भाग लिने पदाधिकारीहरुले प्रचलित कानून बमोजिम कार्यक्रमको लागि विनियोजित बजेटबाट बैठक भत्ता पाउनेछन ।

५. <u>व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार</u>: (१) मन्त्रालय वा निकायको वार्षिक बजेट तथा कार्यक्रममा भएको दिवश, समारोह, जयन्ती समेत मनाउनका लागि कार्यक्रम स्वीकृत गर्ने ।

(२) उपदफा (१) बमोजिमको स्वीकृत कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

(३) उपदफा (२) बमोजिम सञ्चालन भएको कार्यक्रममा लाग्ने खर्चको अनुमोदन गर्ने ।

(४) दिवश, समारोह, जयन्ती समेत मनाउनका लागि मन्त्रालय वा निकायलाई निर्देशन दिने ।

६. <u>कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था:</u> दफा ५ को उपदफा (४) बमोजिम व्यवस्थापन समितिको निर्देशन प्राप्त भएपछि मन्त्रालय वा निकायले स्वीकृत वार्षिक कार्यक्रम बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

७. <u>कार्यविधिमा संशोधन:</u> प्रदेश सरकारले आवश्यक्ता अनुसार यस कार्यविधिमा संशोधन गर्न सक्नेछ ।

# अनुसूची -१

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

## दिवश, समारोह, जयन्ती समेत मनाउनका लागि लाग्ने खर्च सम्बन्धी व्यवस्था

| क्र.सं. | क्रियाकलाप | ईकाइ दर | रकम |
|---|---|---|---|
| १. | मञ्च व्यवस्थापन खुल्ला चौर (टेन्ट, टेबुल, कुर्सि, माइक इत्यादी) | प्रति कार्यक्रम | २,००,०००।- |
| | मञ्च व्यवस्थापन सभाहल भित्र (टेन्ट, टेबुल, कुर्सि, माइक इत्यादी) | प्रति कार्यक्रम | ५०,०००।- |
| २. | दिवा खाना | प्रति व्यक्ति | ७५०।- |
| ३. | खाजा मात्रा (आवश्यक्ता अनुसार) | प्रति व्यक्ति | २५०।- |
| ४. | स्थानीय संस्कृति तथा पेशा सँग सम्बन्धित झाँक्री/ नृत्य प्रस्तुति (बढीमा) | प्रति टोली | २०,०००।- |
| ५. | सम्मान कार्यक्रम( दोस्सला, कदर पत्र र सम्मान पत्र) | प्रति व्यक्ति | ३,०००।- |

| | | | |
|---|---|---|---|
| ६. | शुभकामना आदान प्रदानको लागि रात्रीकालिन खाना तथा चियापान | प्रति व्यक्ति | २,०००।- |
| ७. | विविध(झण्डा, तुल, पानी, चिया, प्रचार प्रसार, व्यवस्थापन खर्च इत्यादी) | प्रति कार्यक्रम | ७०,०००।- |

स्विकृत मितिः-२०७७।०९।२८

आज्ञाले,
वीरेन्द्र कुमार यादव
प्रदेश सरकारको सचिव



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. २ बाट प्रकाशित